# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७७/०७८
च.नं.:

मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाबियाचौर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

मितिः- २०७८/०१/२६

## निषेधाज्ञा जारी सम्वन्धी गाउँपालिकाको विज्ञप्ति

विश्वभर महामारीको रुपमा फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण मंगला गाउँपालिका क्षेत्रभित्र समेत फैलिएकोले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) र जिल्ला सुरक्षा समितिको निर्णय समेतको आधारमा मंगला गाउँपालिका क्षेत्रभर संक्रमण रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) वमोजिम मिति २०७८/०१/२६ गते रातको १२:०० वजेदेखि मिति २०७८/०१/३१ गते रातको १२:०० वजेसम्म लागू हुने गरी म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीवाट निषेध आज्ञा जारी भएकोले उक्त आदेशको कार्यान्वन गर्न आवश्यक सहयोग तथा प्रचार प्रसार गर्न गराउनु हुन आम मंगलावासी नागरिक, जनप्रतिनिधी, स्थानीय राजनितिक दलका प्रमुख तथा प्रतिनिधी, उद्योगि व्यापारी, स्थानीय संघ संस्था, युवा क्लव, वैंक तथा वित्तिय संस्था, सहकारी, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय, संचारकर्मी र कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रण टोल स्तरीय समिति सवैमा अनुरोध गर्दछौं ।

....................

(मनोहर ढुङ्गना)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

## म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको निषेध आदेश !

विश्वभर महामारीको रुपमा फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण बढ्दै गएको सन्दर्भमा म्याग्दी जिल्लामा संक्रमण फैलावट रोक्न मिति २०७८।०१।०८ र १४ गते यस कार्यालयबाट जारी गरिएको आदेशका अतिरिक्त मिति २०७८/०१/२२ गते रातको १२:०० बजे देखि मिति २०७८/०१/३१ गते रातको १२:०० बजे सम्म बेनी नगरपालिका क्षेत्रभर जारी भएको निषेधाज्ञाको सन्दर्भमा मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट भएको सिफारिस बमोजिम एवं जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) र जिल्ला सुरक्षा समितिको निर्णय समेतका आधारमा मंगला गाउँपालिका क्षेत्रभर समेत थप गरी संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२६ गते रातको १२:०० बजेदेखि मिति २०७८।०१।३१ गते रातको १२:०० बजेसम्म लागू हुने गरी देहायको आदेश जारी गरिएको छ।

<u>देहाय</u>

**क) निषेधाज्ञा लागू हुने क्षेत्रः**

बेनी नगरपालिका भित्रका सम्पूर्ण वडाका क्षेत्रहरु

मंगला गाउँपालिका भित्रका सम्पूर्ण वडाका क्षेत्रहरु

**ख) कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गरिएको निषेध आदेशः**

१. औषधी उपचार, आफ्नै खेतबारीमा कृषिजन्य कार्य गर्ने, तोकिएको समयमा खाद्य वस्तु खरिद गर्ने जस्ता अत्यावश्यक काममा बाहेक कुनैपनि व्यक्ति घर बाहिर ननिस्कने र हिंड्डुल नगर्ने।

२. एम्बुलेन्स, बिरामी बोकेका सवारी साधन, दमकल, शववाहन, खाद्यसामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, बीउबिजन, ग्याँस, पानी तथा पेट्रोलियम पदार्थ, सञ्चार सेवा, निर्माण सामग्री बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्युटी जाने आउने प्रयोजनमा प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधनहरु बाहेकका कुनै पनि प्रकारका सार्वजनिक, निजी सवारी साधन (मोटरसाइकल समेत) तथा मालबाहक सवारी साधन सञ्चालन नगर्ने।

३. अस्पताल, औपधालय, औषधी एवम् स्वास्थ्य सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने।

गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

४. तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, ग्याँस, पानी, पशुपन्छीका दाना लगायतका अत्यावश्यक सेवाका पसलहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरी बिहान ७:०० बजे देखि १०:०० बजेसम्म मात्र सञ्चालन गर्ने।

५. मठमन्दिर, चर्च, मस्जिद लगायतका स्थानमा धार्मिक, सांस्कृतिक, सामाजिक क्रियाकलापहरू, पूजाआजा लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका गतिविधि संचालन नगर्ने।

६. विवाह, ब्रतबन्ध एवं संस्कारजन्य अन्य कार्यक्रममा जनस्वास्थ्यका मापदण्ड पूर्णरूपमा पालना गर्ने गरी एक पक्षबाट ७ जना भन्दा बढी सहभागी नहुने, यसका लागि सवारी साधन प्रयोग गर्नुपर्दा सवारी साधनको अगाडि ब्यानर राख्नु पर्ने।

७. सार्वजनिक विकास निर्माणका कार्यहरूमा संलग्न मजदुरहरूको हकमा सम्बन्धित आयोजना प्रमुखको सिफारिसको आधारमा निर्माण व्यवसायीहरूले निश्चित गरेको ठाउँमा बस्ने गरी निर्बाध रुपमा सञ्चालन हुने।

८. बैक तथा वित्तिय संस्थाहरुले सेवा प्रदान गर्दा न्यूनतम कर्मचारी उपस्थित भई सञ्चालन गर्ने। सहकारी तथा बिमा संस्थाहरु सञ्चालन नगर्ने।

९. निषेध आदेश जारी भएको मिति र स्थानका सरकारी र सार्वजनिक कार्यालयहरु एवं बैंकहरुमा अनावश्यक भिडभाड हुन नदिने, अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालय तथा संस्था प्रमुखले आलोपालो पद्धति अनुसार न्यूनतम कर्मचारी खटाई कार्यालय सञ्चालन गर्ने।

१०. यस जिल्लामा पर्ने उत्तर दक्षिण राष्ट्रिय राजमार्गको बाटो भएर एक जिल्लाबाट अर्को जिल्लामा आउने जाने तथा बेनी-दरबाङ्ग सडक आउने जाने अत्यावश्यक सवारी साधनलाई निषेध आदेश लागू भएको क्षेत्रमा यात्रु नझार्ने नचढाउने शर्तमा चल्न दिने।

११. अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्दा आवश्यक कागजपत्र (अस्पतालका कागज वा अत्यावश्यक कार्य प्रमाणित हुने कागजपत्र) लिई प्रहरीसँग समन्वय गरी अनुमति प्राप्त भए पश्चात मात्र यात्रा गर्ने।

**उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८; संक्रामक रोग ऐन, २०२० एवं अन्य प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।**

२०७८/०१/२६
गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी